

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १५ गते शनिबार ❑ 30 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## खानेपानीका अधुरा र अपुरा योजना अब अघि बढाउछौं: मन्त्री यादव

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर



नेपाल सरकारका खानेपानी मन्त्री प्रदिप यादवले खानेपानीका अधुरा र अपुरा योजनाहरु अब अघि बढाउने बताउनु भएको छ।

पोखरा महानगरपालिकामा जापान सरकारको अनुदान सहयोगमा नेपाल खानेपानी संस्थान अर्न्तगत पोखरा खानेपानी सुधार आयोजनाको निर्माण सम्पन्न भएका संरचनाहरुको उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा बोल्दै मन्त्री यादवले अब नेपालका खानेपानीका अधुरा र अपुरा योजनाहरु अघि बढाउने बताउनु भएको हो । नेपालका अधुरा र अपुरा खानेपानीका योजनाहरुलाई अघि बढाउन प्रधानमन्त्री केपी शर्मा ओली समक्ष आफुहरुले कुराकानी गर्दै आएकोले मानव जीवनका लागि अति आवश्यक पर्ने पानी सरकारले उपलब्ध गराउने गरी योजनाबद्ध ढंगबाट अघि बढेको मन्त्री यादवले उल्लेख गर्नु भयो। पोखरामा दैनिक ४ करोड लिटर सुद्ध पिउने पानीको परियोजनामा सहयोग गर्ने जापान सरकारलाई धन्यवाद दिदै मन्त्री यादवले उक्त परियोजनालाई दिगो रुपमा संचालन गर्न मन्त्रालय सहित स्थानिय सरकारलाई निर्देशन दिनु भयो । पोखराको कोलपाटनमा रहेको पानी ट्याङ बिबाद छिट्टै हल हुने दाबी गर्नु भयो । पोखरेलीहरु अब सुद्ध पिउने पानीबाट बन्चित हुन नपर्ने मन्त्री यादवले बताउनु भयो। प्रतिनिधि सभाका सदस्य दामोदर पौडेल बैरागीले जलबिद्युतका कारण पानीका मुहानहरु सुक्ने अबस्था भएकोले पानी वितरणमा बिषेश ध्यान दिन आग्रह गर्नु भयो । गण्डकी प्रदेशका सांसद गणेशमान गुरुङले पानीको मुहानमा अझै पनि घाटहरु अव्यबस्थित भएकोले त्यसलाई व्यबस्थित गर्नुपर्ने बताउनु भयो ।

माछापुच्छ्रे गाँउपालिकाका अध्यक्ष मिन बहादुर गुरुङ उक्त परियोजना सम्पन्न हुदै गर्दा स्थानियहरुको माग पूरा नगरेकोमा गुनासो गर्दै अबौंको परियोजना गर्दा स्थानियलाई राम्रोसंग नसमेटेको दाबी गर्नु भयो । उक्त कार्यक्रममा स्थानियको न्यून सहभागिता भएको उल्लेख गर्दै उहाँले उक्त परियोजनाबाट पोखरामा पानी लैजादा पोखरा महानगरले समेत माछापुच्छ्रेका स्थानियको माग पूरा गर्न आग्रह गर्नु भयो। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले जापान सरकार र माछापुच्छ्रे गाउँपालिकाका स्थानियको ठुलो सहयोगमा पोखरामा सुद्ध पिउने पानी परियोजना सफल भएकोमा धन्यवाद दिदै उक्त परियोजनाको क्रममा अझै पोखराका केही सडकमा खानेपानीका पाइपको लागि खनिएका केही ठाँउमा पिच हुन बाँकी रहेको जनाउनु भयो । पोखरामा बाँकी करिब डेढ लाख जनताको लागि पोखराका ३ ठाँउमा वोरिङ निर्माण गर्ने मेयर आचार्यले उल्लेख गर्नु भयो । जाइका नेपाल प्रतिनिधि तानाको तोमोले दुई देश बिच यस्ता परियोजनाले थप प्रगाढ बनाउने बताउदै आगामी दिनमा पुनः यस्ता सहयोग गर्ने बताउनु भयो । जापानी सहयोग नियोग (जाइका) को अनुदानमा पोखरामा पोखरा खानेपानी सुधार आयोजनाको निर्माण कार्य सम्पन्न भएसंगै आज हस्तान्तरण समेत भएको हो। उक्त परियोजनाबाट दैनिक ४ करोड १० लाख लिटर सुद्ध पानी पोखरामा उपलब्ध हुने भएको नेपाल खानेपानी संस्थाका निमित्त महाप्रवन्धक त्रिदीप कुमार श्रेष्ठले बताउनु भयो ।

उक्त परियोजनाबाट पोखराका करिब ७३ प्रतिशत जनता अर्थात ३ लाख ५० हजार जना लाभान्वित हुने भएको मन्त्रालयका सचिव प्रमिलादेवि शाक्य कर्माचार्यले बताउनु भयो। नेपाल खानेपानी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको आयोजनामा पोखरा १९ को पुरन्चौर (पानी प्रशोधन केन्द्र) मा आयोजना भएको समारोहमा पोखरा १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले स्थानियको माग सम्बोधन नगरी उक्त परियाजना उद्घाटन भएकोले दिगो हुने कुरामा शंका गर्नु भयो । नेपाल खानेपानी संस्थान संचालक समितिका अध्यक्ष गुणाखर भुषालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थयो। उक्त अवसरमा राष्ट्र पतिका सल्लाहकार एवं संस्थानका पूर्व अध्यक्ष डा.प्रमेश्वर पोखरेल, स्थानिय तहका सरकार प्रमुख, सम्बन्धित वडा अध्यक्ष लगायतलाई उक्त परियोजना सफल पार्न सहयोग गरेको भन्दै सम्मान गरिएको थियो ।

## नीति र एजेण्डा बिनाका दलको भविष्य छैन : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ मंसिर



नेपाल सरकारमा संचार तथा सूचना प्रविधि मन्त्री पृथ्ववी सुब्बा गुरुङ्ले मुलुक बनाउने एजेण्डा र नीति नभएका राजनीतिकदलहरुको भबिष्य नभएको बताएका छन् ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले आयोजना गरेको छैटौं अध्यक्ष कप तथा खेलकुद महोत्सवको शुक्रबार उदघाटन गर्दै संचार मन्त्री गुरुङ्ले मुलुक बचाउने भुमिका नभएका नयाँ राजनीतिकदलहरुको आयू लामो नहुने बताएका हुन् ।

लोक रिज्याईका लागि ठुला भाषण गर्ने तर काम नगर्ने यस्ता दलहरुले जनतालाई झुक्याउन सफल हुन थालेका छन् मन्त्री गुरुङ्ले भने,'मुलुकको इतिहास नबुझेका, परिवर्तन कसरी भयो भन्ने थाहा नपाएका दलहरुको भविष्य लामो देखिएको छैन ।' हिजो नयाँ शक्ति, विवेकशिल साझा पार्टी लगायतका दलहरु आज कहाँ छन् उदाहरण हेर्न सकिन्छ मन्त्री गुरुङ्ले भने । राष्ट्रिय स्वतन्त्र पार्टीप्रति लक्षित गर्दै नेपाल सरकारका प्रवक्ता समेत रहेका गुरुङ्ले यो व्यवस्था कसरी आयो, परिवर्तन कसरी भयो, यो व्यवस्था ल्याउदा गरेको त्याग, तपस्याको इतिहास थाहा नपाउने दलहरुको आयू अल्पायू हुने बताए । जनताको समस्या नबुझेका र नीति एजेण्डा विनाका दलहरुले नेपाली जनतालाई ढाटेर राजनीतिक गर्छु भन्ने सपना नदेख्न समेत मन्त्री गुरुङ्ले चेतावनी दिए।

नेपालका दुई ठुलादलहरु मिलेर बनेको वर्तमान सरकार देश र जनताको पक्षमा केन्द्रित भएर काम गरिरहेको मन्त्री गुरुङ्ले बताए । मुलुकमा बढ्दो राजनीतिक अस्थिरता, बढ्दो व्यापार घाटा, सुशासन हराउदै जान थालेको महशुष हुन थालेपछि काँग्रेस र एमाले मिलेर सरकार बनाइएको धारणा मन्त्री गुरुङ्ले राखे।

राजनीतिक क्षेत्र, आर्थिक क्षेत्र, सामाजिक क्षेत्रमा जुन समस्या आयो, देशको समृद्धिका लागि दुई ठुला दल मिल्नुपर्ने बाध्यता आएको बताउदै मन्त्री गुरुङ्ले जब–जब मुलुकमा संकट आउछ काँग्रेस र एमाले एकठाउँमा उभिने गरेको बताए । वर्तमान सरकार छिट्टै ढल्दैछ भन्ने भ्रामक खबरहरु नल्याउन सुझाव दिदै दुईदलको गठबन्धनको सरकार आगामी निर्वाचन सम्म पुग्ने दावी गरे । सरकार सुशासनको पक्षमा काम गरिरहेको उदाहरण दिदै मन्त्री गुरुङ्ले संसदीय छानविन समितिले सहकारी ठगीमा दोसी देखाएका व्याक्तिहरु माथी कारवाहि अगाडी बढाइएको बताए।

गण्डकी प्रदेश सदस्य कल्पना तिवारीले जनताले खोजेर भेटिने स्थायी सरकार स्थानीय सरकार भएको बताउँदै जनताले खनुभुति हुनेगरी काम गर्न स्थानीय सरकारहरुलाई


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गाउँठाउँलाई उपेक्षा गरिएको कास्कीकोटवासीको गुनासो

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर



सहरछेउ भएर पनि पोखरा महानगरपालिका-२४ स्थित कास्कीकोट विकासका दृष्टिले पछाडि पारिएको स्थानीयवासीले गुनासो गरेका छन् । संसदीय पत्रकार मञ्चले बिहीबार कास्कीकोटमा आयोजना गरेको नागरिक सुनुवाइ कार्यक्रममा उनीहरूले खानेपाली, यातायातलगायत आधारभूत सुविधाबाट वञ्चित हुनुपरेको सुनाए।

स्थानीय रामकुमारी सुवेदीले पामे, चिसापानी हुँदै कास्कीकोट जोड्ने सडक निर्माण नहुँदा सास्ती भएको दुखेसो पोख्नुभयो। स्थानीय हर्कबहादुर नेपालीले २० वर्षअघिको खानेपानी आयोजना जीर्ण अवस्थामा पुगेकाले खानेपानी वितरणमा समस्या आइरहेको बताउनुभयो। आफ्नै वडामा मुहान नहुँदा कास्कीकोटवासीले खानेपानीको समस्या झेल्दै आएका उहाँले बताउनुभयो। गण्डकी प्रदेश सरकारले सात वर्षअघि 'एक घर, एक धारा' कार्यक्रम घोषणा गरेपनि प्रदेश राजधानी रहेकै वडामा उक्त योजना अधुरै रहेको उहाँको कथन थियो । बुद्धिबहादुर बस्नेतले दाहसंस्कार गर्न शव घाट पुऱ्याउने बाटो जीर्ण हुँदा गाउँलेले सास्ती व्यहोर्नुपरेको दुखेसो गर्नुभयो । कास्कीकोटबाट देउराली, सुइखेत हुँदै सेतीकिनार जाने बाटो निर्माण भएको छैन । कास्कीकोटलाई महानगरका अन्य वडासँग जोड्ने सम्पर्क सडक निर्माण थालिएको वर्षौंसम्म पनि काम पूरा हुन नसकेको बस्नेतले बताउनुभयो।

पर्यटकीय पदमार्ग निर्माण तथा संरक्षण समितिका अध्यक्ष विष्णुहरि शर्माले ऐतिहासिक महत्वको कास्कीकोट दरबार क्षेत्रलाई राज्यले उपेक्षा गरेको बताउनुभयो। कास्कीकोट स्वास्थ्यचौकीका प्रमुख विश्वराज तिवारीले स्वास्थ्यचौकीमा पूर्वाधार र सामग्रीको अभाव रहेको बताउनुभयो । उहाँले पटकपटक माग गर्दा पनि स्वास्थ्यचौकी व्यवस्थापकीय सुधारमा सम्बन्धित निकायले चासो नदिएको बताउनुभयो। कालिका माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रेश्वर बस्ताकोटीले गाडा, पोशाक र पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउँदा पनि विद्यार्थी सङ्ख्या बढाउन नसकिएको बताउनुभयो । भौगोलिक अवस्थितिका कारण पनि महानगरको विकट वडाका रुपमा कास्कीकोटलाई लिइने गरिएकामा राज्यबाट कास्कीकोट उपेक्षामा परेको स्थानीयवासीको गुनासो थियो। वडाध्यक्ष भरतबहादुर अधिकारीले महानगरको सीमित स्रोतसाधनका कारण जनअपेक्षाबमोजिम विकास निर्माणका कामलाई गति दिन नसकिएको तथा निर्माण व्यवसायीको लापरबाहीका कारण सडक आयोजनामा ढिलासुस्ती भएको स्वीकार गर्नुभयो । गण्डकी प्रदेशसभा सदस्य प्रकाश बरालले लौरुक लिफ्टिङ खोनपानी आयोजनाले कास्कीकोट खानेपानी समस्या सधैँका लागि समाधान गर्ने बताउनुभयो । "कामका कुनै अवरोध भएन भने आगामी चैतभित्र आयोजनाको काम सम्पन्न हुनेछ ।" प्रदेशसभा, अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले आवश्यकताका आधारमा बजेट र योजना छनोट हुनुपर्ने बताउनुभयो । उहाँले प्रदेश सरकारलाई जनमुखी बजेट निर्माण र कार्यान्वयनलाई चुस्त बनाउन आग्रह गर्नुभयो।

## 'कांग्रेस विधि र विधानअनुसार पार्टी चल्नुपर्छ'

**पोखरापत्र संवाददाता**
दमौली, १४ मंसिर

नेपाली कांग्रेसका नेता एवं उपप्रधानमन्त्री प्रकाशमान सिंहले पार्टी विधि र विधान अनुसार चल्नुपर्ने बताउनुभएको छ। नेपाली कांग्रेस तनहुँले शुक्रबार दमौलीमा आयोजना गरेको स्वागत एवं भेटघाटमा उहाँले सिंहले पार्टी विधि र विधानअनुसार नचल्दा समस्या हुने गरेको बताउनुभयो।

सहरी विकासमन्त्री समेत रहनुभएका सिंहले विधि र विधानअनुसार चलाउन सक्ने नेता वडा, टोल, प्रदेश, क्षेत्र, जिल्ला हुँदै केन्द्रसम्म आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पार्टीभित्रका हरेक समस्या समाधान गर्दै पार्टीलाई बलियो बनाउनुको विकल्प छैन। पार्टीभित्र समस्या छन्, त्यस्ता समस्यालाई समाधान गर्दै अगाडि बढ्ने हो।"

आफू जहिल्यै पनि पार्टीको सुधार अभियानमा लागिपरेको बताउँदै सिंहले पार्टीमा समस्या छ मात्रै भन्ने तर सुधारको बाटो नदेखाउने परिपाटी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पार्टीभित्र यो भएन, त्यो भएन मात्रै भन्ने जमात पनि छन्। त्यस्तो भनेर मात्र हुँदैन। के गर्न सकिन्छ त्यसका लागि मार्गनिर्देश समेत गर्न


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवीकरणीय उर्जाको प्रयोग गर्दा अनुदान सुविधा

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर



पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उर्जाको बचत गर्नु भनेको नाफा कमाउनु सरह नै रहेको बताएका छन् । उनले आफ्नो उद्योग/प्रतिष्ठानमा कति उर्जा खपत भएको छ तथा कतै चुहावट भएको छ कि भन्नेबारेमा ध्यान दिन पनि आग्रह गरे । यसका अलावा नवीकरणीय उर्जाको प्रयोगतर्फ पनि उद्योगी/व्यवसायीहरुले ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

नवीकरणीय उर्जा तथा उर्जा दक्षता प्रवर्द्धनका निम्ति जर्मन सहयोगी संस्था जीआइजेड तथा युरोपियन युनियनको सहयोगमा नेपाल राष्ट्रिय वाणिज्य बैंकले प्रदान गर्ने अनुदान कार्यक्रमबारे जानकारी दिन शुक्रबार पोखरा उद्योग वाणिज्य संघमा आयोजित कार्यक्रममा उनले सो धारणा राखेका हुन् ।

पोखरा उद्योग वाणिज्य संघले नै सहजीकरण गरेको कार्यक्रममा बोल्दै उनले नेपालमा उद्योग तथा व्यवसायमा ऊर्जा दक्षताको प्रवर्द्धनका निम्ति संचालित कार्यक्रम लक्षित बर्गसम्म पुग्नुपर्नेमा पनि जोड दिए । उद्योग तथा व्यवसायहरूमा ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपतमा कमी ल्याइ देशमा दिगो औद्योगिक विकासलाई बढावा दिने र कार्बन उत्सर्जन घटाउने लक्ष्यसहित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम संचालनमा ल्याइएको हो ।

कार्यक्रममार्फत् दिइने सुविधा तथा अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने सर्तबारे जानकारी दिँदै जीआइजेडका रिलिप-ग्रीन परियोजना व्यवस्थापक इञ्जिनियर संजयप्रसाद गोर्खालीले परियोजना विशुद्ध रुपले उद्योगी/व्यवसायीकै हितमा रहेको बताए । बैंकबाट प्रदान गरिने अनुदान लिने प्रक्रियाबारे जानकारी दिँदै राष्ट्रिय वाणिज्य बैंकका हरित उर्जा सल्लाहकार एवं विशेषज्ञ राजीवमंगल जोशीले ऊर्जा परीक्षकबाट सिफारिस भएका दक्षताका उपायहरू कार्यान्वयनमा प्रोत्साहन दिन बैंकमार्फत् आंशिक अनुदान उपलब्ध गरिने जानकारी दिए । अनुदान प्राप्त गर्नका लागि वातावरणीय मापदण्डदेखि कर्मचारी व्यवस्थापनसम्मका केही सर्तहरु पूरा गर्नुपर्ने उनको भनाइ थियो । उनका अनुसार यो परियोजनाअन्तर्गत उर्जाको बचत गर्ने पूर्वाधार तयार पार्दा ठूला उद्योगले लागतको २०,मझौलाले २५ र सानाले ३५ प्रतिशतसम्म अनुदान पाउने प्रष्ट पारे । रिलिप-ग्रीनका सल्लाहकार सुदन कायस्थका अनुसार विभिन्न १८ वटा सर्त पूरा गर्ने कम्पनीले मात्र यस्तो अनुदानको लागि आवेदन दिन सक्नेछन् । राष्ट्रिय वाणिज्य बैंकका प्रबन्धक होमराज भट्टराईले पोखराकै केही उद्योगहरुले उर्जाको बचतका निम्ति अनुदान लिएको जानकारी गराउँदै राष्ट्रिय वाणिज्य बैंकबाहेक अन्य बैंकसँग कारोबार गरेकाले पनि यो सुविधा लिन सक्ने बताए ।

पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिको स्वागत तथा महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा सहभागीहरुले आंशिक अनुदान लिने प्रक्रियासहित नीतिगत व्यवस्थाबारे जिज्ञासा राखेका थिए । जर्मन सरकारको आर्थिक सहयोग तथा विकास मन्त्रालय (बीएमजेड) तथा युरोपियन युनियनसहितको संलग्नतामा ऊर्जा, जलस्रोत र सिंचाइ मन्त्रालयद्वारा सञ्चालित यस कार्यक्रममा जर्मन विकास सहयोग-जीआइजेडले प्राविधिक सहयोग गरेको छ ।

# ४ अर्ब ८१ करोडको लागतमा पोखरा खानेपानी सुधार आयोजनाको निर्माण सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर



जापानी सहयोग नियोग (जाइका) को अनुदानमा पोखरामा पोखरा खानेपानी सुधार आयोजनाको निर्माण कार्य सम्पन्न भएको छ । ४ अर्ब ८१ करोड ३० लाख रूपैयाको लागतमा पोखरा खानेपानी सुधार आयोजनाको निर्माण कार्य हालै सम्पन्न भएसँगै आज एक समारोहका बिच जापान सरकारबाट नेपाल सरकारलाई हस्तान्तरण समेत भएको हो ।

नेपाल सरकारका खानेपानी मन्त्री प्रदिप यादवलाई उक्त परियोजना जाईका नेपाल प्रतिनिधि तानाको तोमोले हस्तान्तरण गर्नु भएको हो । पोखराको मुख्य बजार देखि करिब ११ किलोमिटर टाढा रहेको मर्दीको पुरानै बाँधबाट पानी ल्याईएको नेपाल खानेपानी संस्थान पोखराका कार्यालयका प्रमुख ई. आशिस कार्कीले बताउनु भयो । पोखरामा आउने पानीको मुख्य मुहानमाथि शैदी घट्टा, सिदिङ्ग, लुम्रे, घलेल,खोराकोमुख, रिभान लगायतका गाउँहरु पर्दछन । उक्त परियोजनाबाट दैनिक ४ करोड १० लाख लिटर सुद्ध पानी पोखरामा उपलब्ध हुने भएको नेपाल खानेपानी संस्थाका निमित्त महाप्रवन्धक त्रिदीप कुमार श्रेष्ठले बताउनु भयो । उक्त परियोजनाबाट पोखराका करिब ७३ प्रतिशत जनता अर्थात ३ लाख ५० हजार जना लाभान्वित हुने भएको मन्त्रालयका सचिव प्रमिलादेवि शाक्य कर्माचार्यले बताउनु भयो । नेपाल खानेपानी संस्थान संचालक समितिका अध्यक्ष गुणाखर भुषालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थयो । पोखरामा यस अघि देखि ४ करोड ६० लाख लिटर पानी दैनिक आउने गरेको थियो । नेपाल खानेपानी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको आयोजनामा पोखरा १९ को पुरन्चौर (पानी प्रशोधन केन्द्र) मा आयोजना भएको समारोहमा तिनै तहका सरकारका प्रतिनिधि, स्थानीय सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उक्त परियोजना १५ फेुअरी २०१७ मा सुरु भई ३१ अगष्ट २०२४ सम्म संचालन हुने गरी सम्झौता भएको थियो । जापानको हाजमा एन्दो कर्पोरेशन कम्पनीले उक्त परियोजना निर्माण गरेको हो । उक्त परियोजनामा १ सय ११ किलोमिटर पाइप लाइन पोखरा क्षेत्रमा बिस्तार गरिएको छ । पानी शुद्धीकरणका लागि पानीको मुख्य स्रोत मर्दी मुहान नजिकै बालुवा हटाउन ४ करोड २५ लाख लिटर क्षमताका ४ वटा टंकी, पानी थिग्र्याउनका लागि मर्दी मुहान नजिकै ४ करोड २५ लाख लिटर क्षमताका ४ वटा टंकी, पोखरा १९ पुरुञ्चौरमा ४ करोड २५ लाख लिटर क्षमताका पानी छान्ने फिल्टर ६ वटा, पुरुञ्चौरमै ९ सय ३० घनमीटर क्षमताका सफा पानी संकलन गर्ने २ वटा टंकी र क्लोरिनेशन प्लान्ट निमार्ण गरिएको संस्थानले जनाएको छ ।

# नीति र एजेण्डा ...

सुझाइन् । स्याङ्जाको समग्र विकासको माध्यममा रहेको सिद्धार्थ राजमार्गको स्तारोन्नती गर्नुपर्ने धारणा तिवारीको छ । २०२८ सालमा बनेको सिद्धार्थ राजमार्ग फराकिलो हुन नसक्दा धेरै विकासका बाटाहरु बन्द हुन पुगेको भन्दै सांसद तिवारीले सडकको स्तरोन्नती गर्न पहल गरीदिन आग्रह गरीन् ।

कार्यक्रममा भीरकोट नरपालिकाका प्रमुख गोविन्द कुमार कर्माचार्य, प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल, नेकपा (एमाले) का अध्यक्ष सूर्यप्रसाद गैरे, नेपाली कांग्रेस जिल्ला उपसभापति शेरबहादुर थापा, माओवादी केन्द्रका ज्ञानप्रसाद भण्डारी, राष्ट्रिय जनमुक्ति पार्टीका बमबहादुर लामिछाने, पालिकाका अध्यक्ष खिमबहादुर थापा, उपाध्यक्ष सावित्रा कोइराला, पालिका प्रमुख प्रशासकीय अधिकृत परशुराम पोखरेलले स्थानीय सरकारलाई काम गर्ने बातावरण मिलाउन सुझाव दिएका थिए ।

# अन्तर्राष्ट्रिय पर्वतीय दिवस : पोखरामा पर्वतीय महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर

अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा पोखरामा आगामी मङ्सिर २३ देखि २७ गतेसम्म नवौँ संस्करणको पर्वतीय महोत्सवको तयारी गरिएको छ ।

नेपाल पर्वतारोहण संघ र अन्तर ाष्ट्रिय पर्वतीय सङग्रहालय पोखराले पोखरा-१७ स्थित पर्वतीय सङ्ग्रहालय परिसरमा संयुक्तरूपमा महोत्सव गर्न लागेको आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । पर्वतीय पर्यटनमा विद्यमान समस्या पहिल्याएर समाधानका उपाय खोज्दै सम्भावनालाई मानव हितमा उपयोग गर्न महोत्सवले योगदान गर्ने अपेक्षा गरिएको छ । पर्वतारोहण, नेपालको हिमाल, हिमाली संस्कृति, सङ्ग्रहालयजस्ता विषयमा रूचि राख्नेका बीचमा पर्वतारोहण पर्यटनका सम्वन्धमा जनमानसमा चेतना अभिवृद्धिका लागि महोत्सव फलदायी हुने नेपाल पर्वतारोहण सङ्घका प्रमुख कार्यकारी अधिकृत जिनेस सिन्दुराकारले बताउनुभयो ।

उहाँका अनुसार महोत्सव अवधिमा सङ्ग्रहालयको सभाहलमा दैनिक अन्तर्क्रिया हुनेछन् । त्यसैगरी सङ्ग्रहालय परिसरमा आर्चरी, छेलो, जिपलाइन र बोल्डरिङ जस्ता गतिविधि हुने बताइन्छ । प्रमुख कार्यकारी अधिकृत सिन्दुराकारले भन्नुभयो, “बढ्दो औद्योगिकीकरणका कारण बढेको विश्व तापमान, अनियन्त्रित वनफँडानी, पर्वतीय वातावरणमा भएको असामान्य परिवर्तनजस्ता विषयवस्तुले पर्वतीय क्षेत्रमा नकारात्मक असर पारेको छ ।

यस प्रकारको असरले पर्वतारोहण पर्यटनलाई र अन्तमा समग्र अर्थतन्त्रलाई प्रभावित पार्ने भएकाले पर्वतारोहण पर्यटनका सम्बन्धमा जनमानसमा चेतना अभिवृद्धि गरी पर्वतीय वातावरण संरक्षणमा जोड दिन महोत्सव फलदायी हुने विश्वास लिएका छौँ ।” महोत्सवको पहिलो दिन मङ्सिर २३ गते दिगो भविष्यका लागि हिमाल : नवीनता, अनुकूलन, युवा र दीगो भविष्यका शीर्षकमा अन्तर्क्रिया हुनेछ । दोस्रो दिन पर्वतीय पर्यटनका सम्भावना र अवसरबारे विज्ञहरूले आफ्नो अभिमत राख्नुहुने अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयका कार्यकारी निर्देशक निर्मला न्यौपानले बताउनुभयो । यसैगरी तेस्रो दिनमा हिमाली क्षेत्रमा शौचालयको महत्वका बारेमा अन्तर्क्रिया हुनेछ । महोत्सवको चौथो दिन पर्वतारोहीसँग पर्वतारोहणका रोमाञ्चक क्षण, तयारी, दुःख र भावी सम्भावनाबारे उनीहरूका अनुभव राखिने र अन्तिम दिनमा अन्नपूर्ण क्षेत्रमा जलवायु परिवर्तनका असरबारे विमर्श हुने कार्यकारी निर्देशक न्यौपानेले जानकारी दिनुभयो । पर्वतीय पर्यटन, पर्वतीय वातावरण सरंक्षण र यसले समाजमा पार्ने प्रभावसम्बन्धी जनचेतना बढाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् २००३ देखि डिसेम्बर ११ लाई पर्वतीय दिवसका रूपमा मनाउँदै आएको छ । महोत्सवले पर्वतीय क्षेत्रमा बासिन्दाको आर्थिकस्तर अभिवृद्धि गर्र्दै पर्वतीय वातावरण, जैविक विविधता, प्राकृतिक स्रोतलगायतको महत्व उजागर गर्न योगदान गर्ने राष्ट्रिय योजना आयोगका पूर्वसदस्य रहनुभएका पर्वतारोहण सङ्घका सल्लाहाकार गणेश गुरूङले बताउनुभयो ।

# सामुदायिक सेवा केन्द्र बगरद्धार विद्यार्थीलाई लैंगिक हिंसा विरुद्ध प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर



सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरको आयोजनामा १६ दिने अभियान अन्तर्गत लैंगिक हिंसा विरुद्धको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

समुदाय- प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत केन्द्रले पोखरा महानगर पालिका वडा नं. १९ लामाचौर स्थित ईन्द्रराज्य लक्ष्मी मा.विका कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई प्रशिक्षण दिइएको हो । जिल्ला प्रहरी कार्यालय कास्की महिला, बालबालिका तथा जेष्ठनागरिक सेवा केन्द्रकी प्रमुख प्रहरी निरिक्षक सरला ढकालले प्रशिक्षण कार्यक्रमको सहजिकरण गर्नुभएको थियो । उहाँले महिला, बालबालिका माथि हुने लैंगिक हिंसा जवरजस्ती करणी, बालविबाह, बहुविबाह, जातिय छुवाछुत तथा घरेलु हिंसा लगायतका विषयमा विद्यार्थीहरूलाई जानकारी दिनुभएको थियो ।

उहाँले हिसांको विरुद्ध खुलेर आवाज उठाउनु पर्ने बताउनुभयो । ‘आफ्नो घर वर पर समाज तथा सार्वजनिक स्थानहरुमा कुनै किसिमका हिंसा भए भने नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यलय कास्कीका खवर गनुहोस्’ उहाँले भन्नुभयो, ‘हिसांका विरुद्धमा खवरदारी गर्न सकिएन भने झन हिंसा वढ्दै जान्छ, तर्सथ कुनै हिसांका विरुद्ध आवज उठाउने काम गरौ ।’ कार्यक्रममा बोल्दै इनद्रराज्य लक्ष्मी मावि सहायक प्रध्यानाध्यापक बल बहादुर श्रेष्ठले लैंगिक हिंसा विरुद्धको कार्यक्रम विद्यार्थीहरुको लागि अतिनै महत्वपूर्ण रहेको जानकारी गराउनुभयो । कार्यक्रममा इनद्र राज्य लक्ष्मी माविका १ सय ५ जना छात्र छात्रालाई प्रशिक्षण दिएको सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका कार्यसमिति सदस्य तथा कार्यक्रम संयोजक चित्रबहादुर थापाले जानकारी दिनुभयो । लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत यस केन्द्रले हरेक दिन सचेतना मूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको सामुदायिक प्रहरी सेवा वगरका इन्चार्ज प्रहरी हवल्दार गौतम कुमार हायूले जानकारी दिनुभयो।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव कृष्ण बहादुर तामाङले गर्नुभएको थियो ।

# स्काउट गण्डकीको सृजना बहिरा माबिमा जलवायु परिवर्तन सम्बन्धी अभिमुखिकरण

पोखरापत्र संवाददाता
पोखरा, १४ मंसिर



नेपाल स्काउट गण्डकी प्रदेशको आयोजनामा पोखरा २६ स्थित श्री सृजना बहिरा आवासिय माबिमा जलबायु परिबर्तन सम्बन्धि छलफल तथा अन्तरक्रिया सहित अभिमुखिकरण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । प्रमुख पौडेलले जलवायु परिबर्तनका कारण समग्र पृथ्वी न खतरामा परेको दिनानुदिन बढ्दो प्रदूषण नियन्त्रण गर्न सबै क्षेत्रका ब्यक्ति सचेत र जागरुक हुनुपर्ने बताउनुभयो । पौडेलले अभिमुखिकरण मार्फत विद्यार्थीहरूमा चेतना जगाउन कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा बिद्यालय ब्यवस्थापन समिति अध्यक्ष प्रकाशलाल श्रेष्ठ, प्रधानाध्यापक सुनिल कुमार भण्डारी, नेपाल स्काउट गण्डकीका सुशासन तथा बित्त आयुक्त गङ्गाधर बराल, स्काउट गण्डकीका कार्यकारी समिति सदस्य अनिता राई, स्काउट गण्डकीका सदस्य सचिब बिजय पौडेल सहितले जलवायु परिबर्तन न्यूनीकरण बिषयमा आ आफ्नो भनाइ राख्नुभएको थियो । नेपाल स्काउट गण्डकी प्रदेसका सभापति सागर पौडेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# कांग्रेस...

सक्नुपर्छ ।”

नेपालका हरेक कठिन अवस्थामा कांग्रेसले नेतृत्व लिँदै आएको बताउँदै सिंहले भन्नुभयो, “कांग्रेसकै नेतृत्वमा जनआन्दोलन सफल भयो । कांग्रेसकै नेतृत्वमा संविधान जारी भयो ।” सिंहले अहिले देशमा देखिएको समस्याको समाधानका लागि नेपाली कांग्रेस र नेकपा (एमाले) को संयुक्त सरकार बनेको उल्लेख गर्नुभयो । कार्यक्रममा पार्टीका जिल्ला उपसभापति रघुनाथ पौडेल, महासमिति सदस्य पवित्रा पौडेल, क्षेत्रीय सभापति श्याम मौराती, व्यास नगर सभापति सूर्यचन्द्र हड्खलेलगायतले जनतामा देखिएको असन्तुष्टि समाधान गर्नेतर्फ नेतृत्वले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

# राजनीतिक स्थिरताबाट मात्रै विकास सम्भव : उपप्रधानमन्त्री सिंह

पोखरापत्र संवाददाता
तनहुँ, १४ मंसिर

उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थिरता भए मात्रै विकास निर्माणको कामले गति लिने बताउनुभएको छ ।

तनहुँको भानु नगरपालिका-१ भन्सारस्थित नयाँ सहर विकास आयोजनाको एकीकृत भवनको शुक्रबार उद्घाटन गर्दै मन्त्री सिंहले देशलाई आर्थिक समृद्धिमा लैजान दुई ठूला दल मिलेर सरकार बनाएको बताउनुभयो ।

छिनछिनमा सरकार परिवर्तन हुँदा विकासको काम अलपत्र पर्न थालेको महसुस भएपछि देशको विकासका लागि पनि दुई दल मिल्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “वर्षमा दुई/तीन वटा सरकार परिवर्तन हुँदा जनताको पक्षमा काम गर्न नसकिएको धेरै वर्षको अनुभवबाट महसुस भएको छ । राजनीतिक स्थायित्व दिँदै देशलाई समृद्धितर्फ लैजान नेपाली कांग्रेस र नेकपा (एमाले) बीच सहमति भएर सरकार बनेको हो ।”

वर्तमान सरकारको प्रमुख कार्यभार आर्थिक समृद्धि र जनताको पक्षमा काम गर्नुरहेको बताउँदै उहाँले भन्नुभयो, “सङ्घीय लोकतान्त्रिक गणतन्त्र सुदृढ र संस्थागत गर्दै संविधानबाट प्राप्त अधिकारलाई प्रवर्द्धन गर्दै अगाडि बढ्नुपर्छ ।” हरेक नेपालीको जीवन र जीविकोपार्जन सहज बनाउने कार्यक्रम ल्याउने सरकारको दायित्व रहेको उल्लेख गर्दै त्यसतर्फ सरकार केन्द्रित रहेको मन्त्री सिंहको भनाइ छ ।

मन्त्री सिंहले रोजगारमूलक शिक्षामा जोड दिनुपर्ने बताउँदै हरेक नगरपालिकाले विद्यालयमा रोजगारमूलक शिक्षाको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “परम्परागत शिक्षाले मात्रै समृद्धि सम्भव हुँदैन। शिक्षालाई रोजगारसँग जोड्नुपर्छ ।” मन्त्री सिंहले भानु नगरपालिकाले सञ्चालन गर्न लागेको जग्गा वर्गीकरणको कार्यक्रमलाई मन्त्रालयले सहयोग गर्ने बताउनुभयो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# राधाकृष्ण मन्दिर एवम् गुरुकुलको वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर



पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालस्थित राधाकृष्ण मन्दिर शान्ति आश्रमको ६० औं वार्षिकोत्सव एवम् राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयको १२ औं वार्षिकोत्सव, अभिभभावक दिवस तथा पुरस्कार वितरण एक समारोहका बीच बुधबार सम्पन्न भएको छ।

राधाकृष्ण मन्दिर शान्ति आश्रम परिसरमा आयोजित कार्यक्रमको राष्ट्रिय परोपकार महासंघ नेपालका अध्यक्ष भागवत् भाष्कर कमलनयन गौतमले उद्घाटन गर्नुभयो । कार्यक्रममा भागवत् भाष्कर गौतमले गुरुकुलका माध्यमबाट समाजको रुपान्तरणका लागि योगदान गर्न सकिने बताउँदै त्यसतर्फ लाग्नु जरुरी भएको बताउनुभयो । पोखरामा हाल नौवटा गुरुकुल सञ्चालनमा आएको बताउँदै उहाँले सबैको सामुहिक प्रयासमा बैदिक धर्म संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। राधाकृष्ण गुरुकुल लगायत गुरुकुलहरूका समस्या समाधानका लागि आँफू निरन्तर लाग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । राधाकृष्ण गुरुकुल परिसर नजिकै भैरहेको फोहोर व्यवस्थापनको विषयसँगै यहाँका हरेक समस्याको समाधानमा हातेमालो गर्दै जाने उहाँले बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नागेन्द्रप्रसाद रेग्मीले गुरुकुल सञ्चालनलाई दीगो र प्रभावकारी बनाउन सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो । राधाकृष्ण मन्दिर शान्ति आश्रमसँगै यससँग जोडिएका गुरुकुल र बृद्धाश्रमको सामुहिक प्रयास आवश्यक हुनेमा उहाँले जोड दिनुभयो। राधाकृष्ण मन्दिर शान्ति आश्रमका उपाध्यक्ष गणेशबहादुर खत्रीले गुरुकुल सञ्चालनमा लागि वार्षिक २८ लाख रुपैयाँ खर्च हुने गरेको र यसका लागि १८ लाख रुपैयाँ मात्र आउने भएकोले बाँकी १० लाख रुपैयाँको स्रोत जुटाउन समस्या पर्ने गरेको बताउनुभयो । महानगरपालिकाले आँफूहरूको बिरोधका बाबजुद पनि राधाकृष्ण मन्दिर परिसर नजिकै फोहोर व्यवस्थापन गर्दा यहाँका अध्ययरत विद्यार्थी, बृद्धाश्रममा बस्दै आउनुभएका ज्येष्ठ नागरिकका साथै भक्तजन प्रदुषणको मारमा परिरहेको बताउँदै उहाँले यही फोहोर व्यवस्थापनका नाममा वडामा आएको बजेट यस क्षेत्रका लागि एक रुपैयाँ पनि विनियोजन नभएकोमा दुःखेसो गर्नुभयो। वडा सुदस्य तीर्थबहादुर सुयाँलले राधाकृष्ण मन्दिर, गुरुकुल तथा विद्यालयको सहयोगका लागि वडा प्रतिवद्ध भएको बताउँदै गुरुकुलमा शौचालय निर्माणको काम चाँडै नै सुरु गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। गोगन माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेलले यहाँस्थित राधाकृष्ण मन्दिर, गुरुकुल र बृद्धाश्रमको एकतावद्ध प्रयास बढाउँदै यसलाई विशिष्ट धार्मिक एवम् शैक्षिक गन्तव्यका रुपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । विद्यालयका प्रधानाध्यापक प्रकाश उपाध्यायले विद्यालयको शैक्षिक एवम् आर्थिक अवस्था लगायतका विषयमा प्रकाश पार्नुभएको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नागेन्द्रप्रसाद रेग्मीको अध्यक्षता एवम् सहायक प्रधानाध्यापक प्रविण पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा पद्मजगत स्मृति प्रतिष्ठानका उपाध्यक्ष झलकप्रसाद खनाल, विद्यालयका शिक्षक दामोदर गौतम, माधवशरण उपाध्याय, विद्यार्थीहरू अमर घिमिरे, संदिप सापकोटा, अनिश दहाल लगायतले बोल्नुभएको थियो । वार्षिकोत्सवका अवसरमा विद्यालयको दीर्घकालीन सञ्चालन र व्यवस्थापनका लागि अक्षयकोष स्वरुप स्व.मातृका सिग्देलको स्मृतिमा हरिमाया सिग्देल र परिवारजनले ५१ हजार १११ रुपैयाँ, भगवती पन्तले ५२ हजार ५५ रुपैयाँ, खगराज अधिकारीले ३७ हजार रुपैयाँ, वासुदेव दाशी तिवारीले ५० हजार रुपैयाँ, दीव्यरमण अर्यालले १५ हजार पाँच रुपैयाँ, सूर्यमणि सुवेदीले १५ हजार पाँच रुपैयाँ, विष्णुमाया पण्डितले १५ हजार १५५ रुपैयाँ, गोविन्दप्रसाद पगेनीले ११ हजार १११ रुपैयाँ अक्षयकोष रकम हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रमको अवसरमा गुरुकुलबाट एसइई उत्तीर्ण विद्यार्थीहरू सन्दीप पौडेल, अंकित पौडेल, अभिषेक आचार्य, सुशिल खनाल, कृष्ण घिमिरे र रुपेश हुमागाईलाई सम्मान गरिएको थियो । त्यस्तै गोविन्दप्रसाद कोइरालाद्वारा स्थापित छात्रबृत्ति अक्षयकोषबाट छात्रबृत्तिमा पर्न सफल विद्यार्थीहरू कक्षा ६ देखि १० सम्म क्रमशः सुदीप रेग्मी, नीराजन दहाल, किस्मत रिजाल, रोहित शर्मा र सन्दीप सापकोटालाई पुरस्कृत गरिएको थियो।

वार्षिकोत्सव समारोहमा विभिन्न सहयोग गर्ने विवस बस्नेत, विनिता पण्डित घिमिरे, कृष्णबहादुर विक लगायतलाई सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूले राधाकृष्ण मन्दिर शान्ति आश्रमका महन्त प्राज्ञ मुकुन्दशरण उपाध्यायले रचना गर्नुभएको नेपाली हाम्रो श्रम र सीप कविता वाचन गरेका थिए भने विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए। त्यस्तै २०८० को वार्षिक परीक्षामा उत्कृष्ट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने क्रमशः कक्षा ७ का नीराजन दाहाल, अजय घिमिरे र सुशान्त मरासिनी, कक्षा ८ का कीस्मत रिजाल, आशिष सापकोटा, र प्रहार दाहाल, कक्षा ९ का रोहित शर्मा, सन्दीप शर्मा र अमर घिमीरे, कक्षा १० का अनीष दाहाल, सन्दीप सापकोटा र गौरव अधिकारीलाई पुरस्कृत गरिएको थियो।

# पोखरामा पुनमगर समाजको दोश्रो राष्ट्रिय अधिवेशन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर



नेपाल पुनमगर समाज केन्द्रिय समिती पोखरा कास्कीको दोस्रो राष्ट्रिय अधिवेशन आगामी मंसिर २९ गते पोखरामा हुने भएको छ।

पोखरा सभागृहमा संचालन हुने उक्त कार्यक्रमको पूर्व सन्ध्यामा बिहान ११:०० बजे मानव अधिकारचोकबाट झाँकी सहितको र्‍याली पोखरामा प्रदर्शन गरिने भएको संस्थाका अध्यक्ष हर्क बहादुर पुनमगरले बताउनु भयो । "मगरखाम मातृभाषा, संस्कार, संस्कृति र भेषभुषा हाम्रो जातिय पहिचान ! सम्पूर्ण मगर एकताको पक्षमा नेपाल पुनमगर समाजको दोस्रो राष्ट्रिय महाधिवेशन !" भन्ने मुल नाराका साथ उक्त कार्यक्रम हुने तयारी गरिएको उहाँले जनाउनु भयो।

नेपालको जनगणना २०७८ को नतिजा अनुसार मगर जातिको संख्या (२०,१३,४९८) देशकै तेस्रो स्थानमा रहेको छ र आदिवासी जनजातिहरुमा सबैभन्दा धेरै जनसंख्या रहेको समुदाय भएको बताइन्छ। मगर जातिमा बोलिने मातृभाषाहरुमा खाम, ढुट र काइके गरि तीन वटा भाषा बोलिन्छ। पुन मगरहरुको मातृभाषा खाम भाषा हो।

पुनमगरहरुले आफ्नो भाषा, संस्कार, संस्कृति र भेषभुषाको संरक्षण गर्नको लागि नेपाल पुनमगर समाज २०७२ सालमा श्री हर्कबहादुर पहरे पुनमगरको नेतृत्वमा स्थापना भएको संस्थाका खम बहादुर पुनमगरले बताउनु भयो । निवर्तमान उपराष्ट्रपती नन्द किशोर पुनमगरको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम हुने तयारी गरिएको छ।

# सत्ततलमा प्रहरी चौकी

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ मंसिर

प्रहरी चौकी मालढुङ्गा भवन अवभावका कारण मसानघाटमा बस्न बाध्य भएको छ।

बागलुङ जिल्ला प्रवेशद्वार मालढुङ्गामा रहेको प्रहरी चौकीको आफ्नो भवन नहुँदा नौ महिनादेखि कालीगण्डकी नदी किनारमा बनाइएको सत्तलमा बस्न बाध्य भएको छ। चौकीमा बस्ने प्रहरीले मसानघाटमा दाहसंस्कार गर्न आएका मलामी बस्ने सत्तललाई पुरानो जस्तापाताले बारेर रात बिताउने गरेका छन्।

सत्तल छेउमै दाहसंस्कार गर्ने मसानघाट रहेको हुँदा दैनिक शव जलाउने ल्याउने प्रहरी चौकी मालढुङ्गाका प्रमुख भोजबहादुर गुरुङले बताउनुभयो । बिहानै शव अन्त्येष्टिका लागि ल्याउने गरेको सुनाउँदा मलामी घर नफर्किँदासम्म चौकीमा खाना नपाक्ने उहाँको भनाइ छ। खाना पकाउने छेउमै शव जलाउने हुँदा खाना पकाएर खान निकै समस्या भएको गुरुङले गुनासो गर्नुभयो । पहिले बस्दै आएको स्थानमा भवन निर्माण गर्ने भने पनि अहिलेसम्म बन्न नसकेको उहाँ बताउनुहुन्छ।

"दिनदिनै शव ल्याएर यहीँ जलाउँछन्, कहिले त एकै दिन दुई-तीनवटा शवसमेत ल्याउने गर्छन्, शव जलाउँदै गर्दा खाना पकाएर खान पनि मिलेन, अन्त्येष्टि गरेर फर्किँदासम्म कहिले दिउँसोको ३ बज्छ कहिले राति हुन्छ", गुरुङले भन्नुभयो, "यहाँ बसेर खाना खाने, ड्युटी गर्ने वातावरण छैन, राति बाहिर शौचालय निस्किन पनि जोखिमजस्तो हुन्छ, मान्छे जलाउने ठाउँमा बस्दा गाह्रो नै हुँदोरैछ।"

उहाँका अनुसार हाल प्रहरी सहायक निरीक्षकको नेतृत्वमा आठ जना प्रहरी र एक जना ट्राफिक प्रहरी चौकीमा बस्दै आएका छन् । मालढुङ्गामा भवन निर्माणका लागि बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षमा बजेट विनियोजन गरे पनि अहिलेसम्म भवन निर्माण सुरु गरेको छैन। उक्त स्थानमा प्रहरी 'चेकपोष्ट पनि रहेको छ चेकपोष्ट पनि व्यवस्थित नहुँदा प्रहरीले समस्या भोग्नुपरेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कँडेलले प्रहरी चौकी मालढुङ्गाको आफ्नै जग्गा र भवन नहुँदा लामो समयदेखि समस्या भोग्दै आएको भन्दै यही वर्ष सामान्य भवन बनाएर मसानघाटबाट चेकपोष्ट नजिक सार्ने बताउनुभयो । बागलुङ नगरपालिकासँग सहकार्य गरेर भवन निर्माणका लागि बजेट विनियोजन भएको भन्दै मङ्सिर महिनाभित्रै सम्झौता गरेर काम अगाडि बढ्ने उहाँको भनाइ छ।

बागलुङ नगरपालिकाले गत वर्ष नै प्रहरी चौकी निर्माण गर्नका लागि रु १५ लाख विनियोजन गरे पनि सडक मापदण्डका कारण भवन बनाउन नसक्दा बजेट फ्रिज भएको थियो।

# आँबुखैरेनी अस्पतालमा आकस्मिक रक्तसञ्चार केन्द्र स्थापना

**पोखरापत्र संवाददाता**
दमौली, १४ मंसिर

तनहुँको आँबुखैरेनी अस्पतालमा आकस्मिक रक्त सञ्चार केन्द्र स्थापना गरिएको छ । आँबुखैरेनी गाउँपालिकाले सञ्चालन गरेको उक्त अस्पतालमा आज रक्त सञ्चार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

आँबुखैरेनी अस्पतालमा उपचाररत बिरामीलाई रगतको अभाव नहोस् भन्ने उद्देश्यसहित रक्तसञ्चार केन्द्र स्थापना गरिएको गाउँपालिकाका अध्यक्ष एवं अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पृथ्वीराजमार्गमा दैनिकजसो हुने दुर्घटना, अस्पतालमा प्रसूति सेवा लिन आउने महिला र अन्य बिरामीलाई तत्कालै रगत आवश्यक पर्ने भएकाले अस्पतालमै रक्त सञ्चार केन्द्रको आवश्यकता थियो ।" रक्तसञ्चार केन्द्र स्थापनापश्चात् रगत आवश्यक पर्ने बिरामीलाई सहज हुने चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, "रगत खोज्दै अन्यत्र जान नपरोस् भनेर केन्द्र स्थापना गरेका हौं ।" अस्पतालका प्रमुख डा डिबी क्षेत्रीले अस्पतालमै रक्त सञ्चार केन्द्र स्थापनापछि सम्बन्धित बिरामीले सहज तरिकाले रगत प्राप्त गर्न सक्ने बताउनुभयो । केन्द्र स्थापनासँगै केन्द्रका लागि आवश्यक पर्ने रगत सङ्कलन गर्न थालिएको उहाँको भनाइ छ। गाउँपालिकाले २०७९ साल मङ्सिर १ गतेदेखि आँबुखैरेनी स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी १५ शय्याको अस्पताल सञ्चालन गरेको हो। अस्पतालले तनहुँको आँबुखैरेनीका अलवा जिल्लाकै बन्दीपुर, गोरखाको पालुङटार, सहिद लखन र चितवनको इच्छाकामनाका जनतालाई सेवा दिइरहेको डा क्षेत्रीले जानकारी दिनुभयो । अस्पतालबाट चौबीसै घण्टा आकस्मिक सेवा, आधारभूत प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसीलगायत सेवा प्रदान गरिएको छ । अस्पतालमा एक जना एमडिजीपी, तीन जना मेडिकल अधिकृत र १३ नर्स कार्यरत छन् । गाउँपालिकाले अस्पतालका लागि नयाँ भवन बनाएको होइन। भइरहेको भवनको उपयोग गरी अस्पताल सञ्चालन गरेको हो। गाउँपालिकाले वडा कार्यालय भवन, गाउँपालिकाको सभाहल उपयोग गरी अस्पताल बनाएको हो । गाउँपालिकाका अध्यक्ष चुमानले भन्नुभयो, "स्वास्थ्यचौकीलाई ओपिडी बनाएर सञ्चालन गरेका छौं । इलाका वनको भवनलाई ल्याब बनाएका छौं। त्यसमा फार्मेसी र शौचालयको पूर्वाधार थप गरेका छौं ।" अस्पतालले गत एक वर्षको अवधिमा एक सय १७ जनालाई प्रसूति सेवा प्रदान गरेको छ। विसं २०८० मङ्सिर १ गतेदेखि २०८१ मङ्सिर १ गतेसम्म अस्पतालले एक सय १७ महिलालाई प्रसूति सेवा दिएको हो। अस्पतालबाट नौ सय ९३ जनाको आकस्मिक अवस्थाका बिरामीको उपचार गरिएको छभने ३२ हजार नौपटक प्रयोगशाला परीक्षण गरिएको क्षेत्रीले बताउनुभयो । अस्पतालमा नौ सय ९१ जना बिरामीलाई भर्ना गरी उपचार गरिएको छभने तीन हजार नौ जनालाई अल्ट्रासाउण्ड सेवा, तीन हजार तीन सय ९१ जनालाई एक्सरे सेवा प्रदान गरिएको क्षेत्रीले बताउनुभयो।

अस्पतालले अब छिट्टै शल्यक्रिया सेवा, दन्त सेवा, फिजियोथेरापी आवश्यक बिरामीको पुनर्स्थापना र उपचार सेवा सुरु गर्न लागेको छ। त्यसैगरी विशेषज्ञ चिकित्सकमार्फत थप सेवा, टेलिमेडिसिन तथा मोबाइल स्वास्थ्य शिविर सञ्चालन गर्ने योजना रहेको डा क्षेत्रीले बताउनुभयो।

# गर्भवतीको निःशुल्क स्वास्थ्य बीमा

**पोखरापत्र संवाददाता**
गोरखा, १४ मंसिर

सहिद लखन गाउँपालिकाले आफ्नो क्षेत्रका गर्भवतीको निःशुल्क स्वास्थ्य बीमा गर्न थालेको छ। अर्थाभावका कारण स्वास्थ्योपचार तथा जाँचमा गर्भवतीलाई समस्या नहोस् भन्ने उद्देश्यले पालिकाले निःशुल्क बीमा कार्यक्रम सञ्चालन गरेको गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख वीरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो।

"चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअन्तर्गत गर्भवती जाँचका लागि स्वास्थ्य संस्थामा पुग्नेबित्तिकै स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाइएको छ, गर्भ जाँचका लागि आएकी गर्भवतीका बारेमा स्वास्थ्यकर्मीले सम्बन्धित वडाको बीमा दर्ता सहयोगीलाई खबर गर्ने र बीमा अभिकर्ताले घरमै पुगेर बीमा गर्ने व्यवस्था मिलाएका छौं", उहाँले भन्नुभयो । कार्यक्रमअन्तर्गत हालसम्म २५ जना गर्भवतीसहित उनीहरूका परिवारका एक सय २५ जनाको निःशुल्क स्वास्थ्य बीमा भएको छ । "गाउँपालिकाले एक जना गर्भवतीका लागि गरिदिएको रु तीन हजार पाँच सयको स्वास्थ्य बीमाबाट गर्भवतीसहित परिवारका पाँच जनाको बीमा हुन्छ, जसबाट परिवारका पाँच जना सदस्य प्रत्येकले प्रतिव्यक्ति रु एक लाखसम्मको निःशुल्क उपचार सेवा प्राप्त गर्दछन्", शाखा प्रमुख श्रेष्ठले भन्नुभयो।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# खड्गदेवी मन्दिर पुनर्निर्माणका लागि जुट्यो १८ लाख

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ मंसिर

बन्दीपुर गाउँपालिका-१ बेलभन्ज्याङस्थित खड्गदेवी मन्दिर पुनर्निर्माणका लागि रु १८ लाख जुटेको छ । मन्दिर पुनर्निर्माण समितिका सल्लाहकार टीकाराम गिरीका अनुसार उक्त रकम देउसीभैलो एवं दाताबाट प्राप्त भएको हो। मन्दिर निर्माणका लागि रु ३० लाख आवश्यक पर्ने उहाँले बताउनुभयो । बन्दीपुर गाउँपालिकाले भने रु चार लाख विनियोजन गरेको गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताउनुभयो । अर्थ सङ्कलनमा सहयोग जुटाउने अभियानमा मन्दिर पुनर्निर्माण समिति र सल्लाहकार समितिका पदाधिकारी जुटेका छन्। हरेक वर्ष यो मन्दिरमा शारदीय अष्टमीको र चैत्राष्टमीका दिनमा मेला लाग्ने गर्छ। औंसी र एकादशी दिनबाहेक अन्य दिन नित्य पूजा हुने गरेको छ। विसं २०३२ मा स्थानीय सन्तबहादुर थापाको अगुवाइमा मन्दिर निर्माण भएको हो।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्था व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/०८/१५

कास्की जिल्ला मौजे घाचोक १ नं. का जि.मु. टिकारामको जयलाल पाध्या जिम्मा, साविक ९० सालको खेत तर्फको मोठ लगत बमोजिम मोठ नं. ४३ मोही नं. ३५ कित्ता नं. ८९१ नन्दलाल पाध्या कालु पाध्याको नाउँमा साविक दर्ता भएको, म विशेश्वर लम्साल बाटै २०३३ सालसम्मको तिरो तिरेको र भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा कास्की जिल्ला साविक घाहाचोक -२ को कि.नं. १२५१ क्षे.फ. ०-१४-१-३ को जग्गा म विशेश्वर प्रसाद लंसालको नाउँमा फिल्डबुक कायम भएको जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता गरिपाउँ भनी कास्की जिल्ला साविक घाचोक-३ हाल माछापुच्छ्रे गा.पा.-३ बस्ने विशेश्वर प्रसाद लम्सालले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|
| कास्की | घाहाचोक | २ | १२५१ | ०-१४-१-३ | अबल | विशेश्वर प्रसाद लम्साल |

ईति संवत २०८१ साल मंसिर १५ गते रोज ७ शुभम्।

# 'एनपिएल'को उत्साहपूर्वक प्रतीक्षा, विश्वका खेलाडी नेपालमा

**राम थापा र कृष्ण दवाडी**
गण्डकी, १४ मंसिर/रासस

स्टार्टअप व्यवसायमा सक्रिय युवा निशान सापकोटा नेपाल प्रिमियर लिग (एनपिएल) पोखरा एभेन्जर्सले जितोस् भन्ने चाहन्छन् । एकातिर आफ्ना प्रिय खेलाडी कुशल भुर्तेलको कप्तानी, अर्कातिर आफ्नै भूगोलसँग जोडिएको टिम । पहिलोपटक हुन लागेको एनपिएललाई लिएर बागलुङका उनी उत्साहित छन् । "शनिबार हुने उद्घाटन खेलको टिकट लिइसकेको छु, सबै खेल नछुटाइ हेर्ने योजनामा छु", उनले भने, "मनपर्ने खेलाडीको टिम रहेकाले पोखरा एभेन्जर्स मेरा लागि प्रतियोगिताभर विशेष रहनेछ।"

सापकोटाझैं हरेक क्रिकेटप्रेमीको ध्यान यतिखेर एनपिएलतिर छ । देशभित्र मात्र नभएर विदेशमा रहेका क्रिकेटप्रेमी पनि नेपाली क्रिकेटको यो महाकूम्भलाई व्यवग्रतापूर्वक प्रतीक्षा गरिरहेका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) आफैँले आयोजना गरेको पहिलो संस्करणको यस प्रतियोगिता सशक्त टिम र विश्व क्रिकेटका चर्चित खेलाडीको सहभागिताका कारण पनि बढी चर्चामा छ। क्रिकेट टिममा भइरहेको लगानी र आकर्षणले पनि नेपाली क्रिकेटप्रति सार्वजनिक चासो बढ्दो छ । काठमाडौँको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार एनिपिएलको भव्य शुभारम्भ हुनेछ। उद्घाटन खेल विराटनर किङ्स र जनकपुर बोल्टबीच हुने जनाइएको छ। आगामी पुस ६ गतेसम्म सञ्चालन हुने यस प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको क्यानका प्रवक्ता छुम्बी लामाले बताए । "नेपाली क्रिकेटका लागि एनपिएल आयोजना हुनु ठूलो उपलब्धि हो, देशविदेशका नेपाली र विदेशी क्रिकेटप्रेमीहरूले समेत यो प्रतियोगितालाई चासोपूर्वक लिनुभएकोछ",उनलेभने, "क्रिकेटप्रति नेपालीहरूले देखाएको उत्साह र समर्पणले क्यानलाई पनि ऊर्जा थपिएको छ ।" क्रिकेटप्रेमीहरूको उत्साहलाई निरन्तरता दिन र नेपाली क्रिकेटको विकासका लागि क्यानले अझ धेरै काम गर्न बाँकी रहेको उनले बताए । टिमका विदेशी खेलाडी, म्याच कमेन्टेटरहरू अधिकांश नेपालका रहेको प्रवक्ता लामाले जानकारी दिए । टिमहरूको अभ्यासलगायतका कामसमेत अन्तिम चरणमा पुगेको उनको भनाइ छ । घरेलु क्रिकेटको सबैभन्दा ठूलो प्रतियोगिता एनपिएलमा आठ फ्रेञ्चाइज टिम विराटनगर किङ्स, जनकपुर बोल्ट, चितवन राइनोज, काठमाडौँ गुर्खाज, पोखरा एभेन्जर्स, कर्णाली याक्स, लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा विश्वकपसहितका उच्चस्तरीय प्रतियोगिता खेलेका चर्चित स्वदेशी तथा विदेशी खेलाडी विभिन्न टिमबाट मैदानमा उत्रदैँछन् । हरेक टिममा न्यूनतम चारदेखि अधिकतम छ जनासम्म विदेशी खेलाडी रहने जनाइएको छ । एनपिएल गर्भनिङ काउन्सिलले गरेको उक्त निर्णयानुसार कतिपय टोलीका विदेशी खेलाडी नेपाल आइपुगेका छन्भने कति आउने चरणमा रहेको क्यानले जनाएको छ । स्वदेश तथा विदेशका चर्चित खेलाडीको खेल कौशल हेर्न त्रिवि क्रिकेट मैदानमा दर्शकको बाक्लो उपस्थिति रहने निश्चित छ । फ्रेञ्चाइज टिम पोखरा एभेन्जर्सका अध्यक्ष सुवोध त्रिपाठीले नेपाल प्रिमियर लिगले नेपाली क्रिकेटको भविष्यको बाटो कोरेको बताए । उनले युवा खेलाडी उत्पादन गर्दै व्यावसायिक क्रिकेटलाई अघि बढाउन एनपिएलले महत्त्वपूर्ण योगदान पुग्ने उल्लेख गरे । आफूहरूले व्यावसायिक क्रिकेटको विकास गर्दै क्रिकेटलाई उद्योगका रूपमा विकास गर्न लगानी गरेको अध्यक्ष त्रिपाठीले बताए । चार विदेशी खेलाडी टोलीले अनुबन्ध गरेको र एनपिएलका लागि आफ्नो टोलीले रू १० करोड लगानी गर्ने त्रिपाठीले जानकारी दिए ।

उनले भने, "हामी व्यावसायिक क्रिकेट खेलको विकास होस् भन्ने चाहन्छौँ, नाफा वा घाटाको विषय होइन यो, कुनै पनि व्यवसाय वा उद्योग स्थापित हुन समय लाग्छ, हामी क्रिकेट विकासका लागि आएका हौँ, त्यस मार्गमा अग्रसर हुन चाहन्छौँ ।", पोखरा एभेन्जर्समा कुशल भुर्तेलको कप्तानी रहनेछ । उक्त टिममा सागर ढकाल, आकाश चन्द, किरणकुमार ठगुन्ना, नारायण जोशी, विपिन खत्री, दिलीप नाथ, त्रित राज दास, सुनाम गौतम, दिनेश खरेल, अमृत गुरूङ, आन्द्रेस गौस (अमेरिका), बास डे लिडे (नेदरल्याण्ड्स), म्याट क्रिचली (इङल्याण्ड), रेमन राइफर (वेस्टइन्डिज), माइकल लिस्क (स्कटल्याण्ड), सुदीप आर्याल (आइकोनिक) खेलाडी रहनेछन् । पोखरा एभेन्जर्सले राजीव कुमारलाई प्रशिक्षक बनाएको छ ।

जनकपुर बोल्ट्समा आसिफ शेख मार्की खेलाडी तथा ललित राजवंशी, अनिलकुमार साह, रूपेश सिंह, किशोर महतो, आकाश त्रिपाठी, शुभ कङ्साकर, शेर मल्ल, हेमन्त धामी, अरनिकोप्रसाद यादव, तुलबहादुर थापामगर, जिमी निशम (न्युजिल्याण्ड), जोशुआ ट्रम्प (अमेरिका), शोएब मक्सुद (पाकिस्तान), मोहमद मोहसिन (पाकिस्तान), लाहिरू मिलन्था (अमेरिका) र प्रशिक्षक पुबुदु दासानायके रहेका छन् ।

विराटनगर किङ्समा सन्दीप लामिछानेको कप्तानी रहेको छ। विराटनगरमा लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, राजेश पुलामीमगर, जितेन्द्रकुमार मुखिया, अनिल खरेल, दीपक बोहरा, सुभाष भण्डारी, नरेन भट्ट, मृनाल गुरूङ, अकिब इल्यास (ओमान), मार्टिन गप्टिल (न्युजिल्याण्ड), निकोलास किर्टन (क्यानडा), क्रिस सोल (स्कटल्याण्ड), इस्मल आलम (अफगानिस्तान) रहेका छन्भने प्रशिक्षक केभिन ओ ब्राइन रहेका छन् । लुम्बिनी लायन्समा नेपालका कप्तान रोहितकुमार पौडेल मार्की खेलाडी रहेका छन् । उनका साथै सूर्य तामाङ, विवेक यादव, सन्दीप जोरा, आशुतोष घिरैया, तिलकराज भण्डारी, दुर्गेश गुप्ता, अर्जुन साउद, दिनेश अधिकारी, अभिषेश गौतम, विकाश अग्री, बेन कटिङ (अष्ट्रेलिया), उन्मुक्त चन्द (अमेरिका), टम मूर्स (इङ्ल्याण्ड), रेमन सिमन्ड्स (वेस्टइन्डिज), शादबिन जफर (क्यानडा), आरिफ शान (आइकोनिक) छन् । प्रशिक्षक नन्दन फाडनिस रहेका छन् । चितवन राइनोजमा कुशल मल्ल मार्की खेलाडी रहेका छन् । रिजन ढकाल, कमलसिंह ऐरी, शरद भेषावकर, विपिन रावल, सन्तोष कार्की, दिपेश श्रेष्ठ, अमरसिंह रटैला, दीपक बोहरा, रञ्जीतकुमार, गौतम केसी, रवि बोपारा (इङ्ल्याण्ड), मार्चन्ड डे लांग (दक्षिण अफ्रिका), (चोटले अनुपस्थित हुने) हसन इसाखिल (अफगानिस्तान), जान निकोल लोफ्टी इटन (नामिबिया), ल्यूक मार्टिन बेनकेन्स्टाईन (इङ्ल्याण्ड), सलाहुद्दिन खान (आइकोनिक) खेलाडी तथा उमेश पटवाल प्रशिक्षक रहेका छन् ।

करण केसीको कप्तानीमा रहेको टिम काठमाडौँमा शाहब आलम, भीम सार्की, रसिद खान, शङ्कर राना, दिपेशप्रसाद कँडेल, सुमित महर्जन, कृष्ण कार्की, विवेक केसी, प्रतीक श्रेष्ठ, राजु रिजाल, नेथन सोउटर (इङ्ल्याण्ड), स्टेफन इस्किनाजी (इङ्ल्याण्ड), ड्यान डौथवेट (इङ्ल्याण्ड), माइकल लेभिट (नेदरल्याण्ड्स), जेहार्ड एरासमस (नामिबिया), कृष कार्की (आइकोनिक) रहेका छन् । वसन्त शाही काठमाडौँको प्रशिक्षक छन् ।

दीपेन्द्रसिंह ऐरीको कप्तानी रहेको सुदूरपश्चिम रोयल्समा आरिफ शेख, अभिनाष बोहरा, विनोद भण्डारी, इशान पाण्डे, अर्जुन कुमाल, खडकबहादुर बोहरा, नरेश बुढायर, भोजराज भट्ट, अमित श्रेष्ठ, नरेन साउद, ब्रान्डन मक्मलेन (स्कटल्याण्ड), सेफ अलि जेब (इङ्ल्याण्ड), स्कट कुगेलेइन (न्युजिल्याण्ड), रोहन मुस्तफा (युएई), वसन्त खत्री (आइकोनिक) खेलाडी रहेका छन् ।

कर्णाली याक्समा सोमपाल कामी मार्की खेलाडी रहेका छन् । गुलशनकुमार झा, नन्दन यादव, मौसम ढकाल, अर्जुन घर्ती, देव खनाल, रित गौतम, भुवन कार्की, दीपेन्द्र रावत, दीपक डुम्रे, युनिसविक्रमसिंह ठकुरी, शिखर धवन (भारत), हुनेस तलात (पाकिस्तान), बाबर हायत (हङकङ), चाडविक वाल्टन (वेस्टइन्डिज), जीशान मक्सुद (ओमान), विपिन शर्मा (आइकोनिक) तथा ज्ञानेन्द्र मल्ल प्रशिक्षक रहेका छन् ।

# पोखरा ८ ले खेल क्षेत्रमा समेत सक्रियता बढाउदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ मंसिर



पोखरा महानगरपालिका वडा नम्बर ८ ले खेल क्षेत्रमा समेत आफ्नो सक्रियता बढाउन थालेको छ।

जसका लागि युवा तथा विद्यार्थी लक्षित खेलकुद प्रतियोगिताको आयोजना गर्ने गरेको छ। वडाले यसअगाडि युवाहरूको लागि फुटसल प्रतियोगिता र वडाध्यक्ष कप ब्याडमिन्टन प्रतियोगिता आयोजना गर्दै आइरहेकोमा विद्यार्थीको लागि लक्षित गरेर सेपाक तात्रो खेल आयोजना गऱ्यो । पोखरा ८ का विद्यालयलाई लक्षित गरेर शुक्रबार प्रथम सेपाक तात्रो खेलकुद प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगिता जनप्रिय माविमा सञ्चालन गरिएको थियो । प्रतियोगिताको पोखरा ८ का वडाध्यक्ष रुद्रनाथ बरालले उद्घाटन गरे । गण्डकी प्रदेश सेपाक तात्रो सङ्घ पोखरासँगको समन्वयमा प्रतियोगिता आयोजना भएको हो । प्रतियोगितामा १२ वटा विद्यालयले भाग लिएको वडाध्यक्ष बरालले जनाए। विद्यार्थीलाई सेपाक तात्रो सम्बन्धी जानकारी दिदैँ भविष्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा खेलाडी उत्पादन गर्न सघाउने लक्ष्यका साथ प्रतियोगिता आयोजना गरिएको वडाध्यक्ष बरालको भनाइ छ । शुक्रबार आयोजित प्रतियोगितामा छात्र तर्फ जनप्रिय "ए" प्रथम, जनप्रिय "बी" द्वितीय र सरस्वती तृतीय भए । छात्रा तर्फ जनप्रिय प्रथम, सरस्वती द्वितीय र अमरज्योति तृतीय भए । प्रतियोगितामा छात्र तर्फ ९ र छात्रा तर्फ ७ टिमले सहभागिता जनाएका थिए ।

# टोड्केमा मुला बिक्री हुन छाडेपछि लगाउनेको कमी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ मंसिर

म्याग्दीको रघुगङ्गा गाउँपालिका-५ की गौमाया पाईजाले २० वर्ष पहिलेसम्म १० रोपनी भन्दा बढी पाखोबारीमा मुलाखेती गर्नुहुन्थ्यो । अहिले दुई रोपनीमा लगाएको मुला पनि बिक्री नभएर उहाँ चिन्तित हुनुहुन्छ ।

"पहिले टोड्केको मुला किन्न बेनी, पुलाचौर, घतान, झिँ, पाखापानी, कुहुँ, बरंजादेखि मानिसहरु आउथे," उहाँले भन्नुभयो "मुला बिक्री हुन छाडेपछि अहिले खेती पनि घटाउदै लगेको छु ।" रघुगङ्गा, मङ्गला र बेनी नगरपालिकाको सिमानामा पर्ने टोड्के मुला खेतीका लागि धौलागिरि क्षेत्रमै प्रसिद्ध थियो । कुनै समय प्रशस्न मुलाखेती हुने टोड्केको पाखोबारी पछिल्लो समय बाझिदै गएको छ ।

टोड्केबासीले धान, गहुँ, मकै, फापर, कोदोसँग मुला सटही गर्ने चलन थियो । बसाईसराई, जनशक्तिको कमी र बजारको समस्याका कारण किसानहरुले टोड्केमा मुला खेती घटेको स्थानीय तिजमाया पाइजाले बताउनुभयो ।

"घरमा उपभोग गर्ने, आफन्तलाई कोशेली पठाउने र टोड्के घुम्न आउने पर्यटकलाई बेच्नका लागि थोरै जमिनमा मात्र मुला खेती गरेका छौ," उहाँले भन्नुभयो "चिसो हावापानीमा जैविक मलको प्रयोग हुने भएकाले यहाँको मुलाको छुट्टै महत्व छ ।"

साउन महिनामा रोपीने मुला कात्तिक मङसिरमा उखेल्ने गरिन्छ । एउटै मुलाको तौल छ किलोग्राम भएको किसानहरुले बताउँछन् । स्थानीय रातो र सेतो जातको मुला खेती हुने गर्छ । ताजा मुलाको अचार, सिन्की (गुन्द्रुक) र धजरा बनाएर तरकारीका रुपमा प्रयोग गर्न सकिन्छ । पछिल्लो समय हिउँद याममा टोड्के घुम्न आउने आन्तरिक पर्यटकहरुले ताजा मुला र धरजा किनेर लैजाने गरेका छन् । आकार अनुसार प्रतिगोटा मुला रु. २५ देखि ५० का दरले बिक्री हुने गरेको किसानको भनाइ छ ।

टोड्केको भ्रमणमा पुग्नुभएकी पर्वतको जलजला गाउँपालिका -२ बगरफाँटकी देवी जिसीले यहाँको मुला खानका लागि स्वादिष्ट हुने भएकाले कोसेलीका रुपमा किनेर ल्याएको बताउनुभयो ।

हिमालको सम्मुख, चिसो हावापानी, स्थानीय उत्पादन र पर्यटकको रोजाइका कारण स्थानीय जातको मुला टोड्केको पहिचान हो । टोड्केमा हुदै आएको स्थानीय जातको मुलाको संरक्षण, बजारीकरणका साथै सिन्की र अचार बनाउने सिप विकासको तयारी गरेको रघुगङ्गा गाउँपालिका-५ का वडा अध्यक्ष मनबहादुर शेरमञ्जाले बताउनुभयो ।

# सागसब्जीका बेर्ना बेचेर छब्बीस लाख आम्दानी

**पोखरापत्र संवाददाता**
वालिङ, १४ मंसिर

यहाँका एक किसानले व्यावसायिक रूपमा सागसब्जी र तिनका बेर्ना बिक्री गरेर रु २६ लाख आम्दानी गर्नुभएको छ । वालिङ नगरपालिका-६ लालुपातेका किसान रेशम रेग्मीले मौसमी तथा बेमौसमी सागसब्जी र बेर्ना बिक्री गरेर लाखौं आम्दानी गर्न सफल हुनुभएको हो ।

उहाँले अघिल्लो वर्षको कात्तिकदेखि यस वर्षको कात्तिकसम्ममा उत्पादन भएका सागसब्जी बिक्रीबाट रु २० लाख र बेर्ना बिक्रीबाट रु छ लाख आम्दानी भएको बताउनुभयो । उहाँले खेत तथा बारीमा काउली, बन्दा, गोलभेँडा, सिमी, बोडी, काक्रा, भण्टा, भिण्डी, मुला, खुर्सानी, प्याजलगायत सागसब्जी तथा बेर्ना बिक्री गर्दै आउनुभएको छ ।

विसं २०५२ बाट व्यवसाय थाल्नुभएका रेग्मीले २०७४ सालमा 'समर्पण कृषि फार्म' दर्ता गर्नुभएको हो । व्यावसायिक रूपमा तरकारी तथा नर्सरी व्यवसाय गर्नुभएको २० रोपनीमध्ये आधा आफ्नै र आधा भाडामा लिनुभएको छ । "बीस रोपनी जग्गामध्ये झण्डै दुई रोपनीमा चारवटा टनेलमा नर्सरी छ र त्यहाँ विभिन्न प्रजातिका बिरुवा उत्पादन हुँदै आएको छ, बाँकी जग्गामा मौसमअनुसारका तरकारी बाली लगाउँदै आएको छु", उहाँले भन्नुभयो ।

यहाँ उत्पादित सागसब्जी तथा बेर्ना पोखरा, स्याङ्जा, वालिङ तथा बुटवलमा बिक्री हुने गरेको छ । बाल्यकालदेखि कृषि पेशाप्रति इच्छा भएकाले लागे तापनि केही वर्षपछि खेतीसम्बन्धी तालिमले झनै निखारता ल्याएको उहाँले बताउनुभयो । कहिलेकाहीँ भारत तथा तराईबाट आउने सागसब्जीसित बजार प्रतिस्पर्धा गर्नुपर्दा गाह्रो भए पनि समग्रमा आफू यो पेशाबाट सन्तुष्ट रहेको उहाँले बताउनुभयो । कृषि ज्ञान केन्द्रलगायत कृषि क्षेत्रमा सक्रिय सङ्घसंस्थाले समय समयमा प्राविधिक ज्ञान दिने गरेकाले व्यवसाय सञ्चालनमा सहज भएको उहाँ बताउनुहुन्छ । कृषिकर्ममा उदाहरणीय कार्य गरेकामा २०७६ सालमा उहाँ राष्ट्रपतिबाट पुरस्कृत पनि हुनुभएको थियो ।


## पेन्सन पट्टा हराएको सूचना

**मेरो** Army No. 5445117N Rank-HAV **को पेन्सन पट्टा पृथ्वीचोकदेखि चाउथे जाने क्रममा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name : Yem Bahadur Ale
Unit: 1881 Lt Regt
Army No: 5445117N
TS No : 144689 Rank: HAV
PPO No. : S/27994/92
**ठेगाना : पोखरा-१४, चाउथे**
**सम्पर्क नं.:** 9856030854



## कम्पनीको नाम परिवर्तन भएको जानकारी

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०८/१५ गते**

**यस कम्पनीको मिति २०८०/११/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिन साविकको कम्पनी कार्की कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. ३०२२८०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्नु गरि श्री कम्पनीको रजिष्ट्रारको कार्यलयको मिति २०८०/१२/०६ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि रावा हलेसी कन्स्ट्रक्सन प्रा.लि. कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**



## कुकको आवश्यकता

SHINING NEPAL MULTIPURPOSE COMPANY

विज्ञापन नं.: ०१ २०८१।८२

**साइनिङ्ग नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने) कम्पनी**, पोखरा महानगरपालिका वडा नं.१५ नयाँगाउँमा अवस्थित मुनाफा वितरण नगर्ने एक कम्पनी हो । यस कम्पनीबाट पोखरा १५ हरियो खर्कमा संचालन भइरहेको द आर्क क्याफेको लागि योग्य **कुक आवश्यक** परेकोले योग्य नेपाली नागरिकबाट दरखास्तको लागि आह्वन गर्दछौं ।

**पदः कुक** **संख्याः दुई** **काम गर्ने स्थानः पोखरा**

**कार्य विवरण** : चाइनिज, कन्टिनेन्टल खाना बनाउनुका साथै क्याफेमा काम गर्ने अन्य सहयोगीहरुलाई नेतृत्व प्रदान गर्ने ।

**आवश्यक योग्यता तथा सीप**

- रेष्टुरेन्ट, होटल तथा क्याफेमा कम्तीमा ३ वर्षसम्म कुकको काम गरेको अनुभव भएको ।
- एस.एल.सी. पास गरेको ।
- चाइनिज, कन्टिनेन्टल परिकारहरु बनाउन जानेको । तालिम प्राप्तलाई प्राथमिकतामा राखिनेछ ।
- समुहमा मिलेर काम गर्न सक्ने ।
- आफु अन्तर्गतका काम गर्ने कर्मचारीहरुलाई परिचालन गर्न सक्ने ।
- ग्राहक तथा पाहुनाहरुसँग राम्रो ब्यवहार गर्न जान्ने ।
- कामको चापलाई राम्रो सँग ब्यवस्थापन गर्न सक्ने ।

उल्लेखित पदमा दरखास्त दिन चाहनुहुने महानुभावले मिति २०८१ मंसीर २१ गते बेलुका ५ बजेभित्र यस कार्यालयमा आएर अथवा तल दिइएको इमेलमा बायोडाटा तथा निवेदन पठाउनुहुन अनुरोध छ । सर्टलिस्ट गरिएको आवेदकलाई छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ । तलव कम्पनीको नियमानुसार हुनेछ भने औषधि उपचार विमा, दुर्घटना विमा तथा सामाजिक सुरक्षा कोषको ब्यवस्था समेत गरिनेछ ।

**साइनिङ्ग नेपाल मल्टिप्रपोज(मुनाफा वितरण नगर्ने) कम्पनी**
**हरियो खर्क परिसर, नयाँगाउँ, पोखरा १५ कास्की**
**इमेल ठेगानाः** info@shiningnepal.com
**टेलिफोन नं.०६१-४३४९१६**

छनौट गर्ने नगर्ने सम्पूर्ण अधिकार साइनिङ्ग नेपाल मल्टिप्रपोज (मुनाफा वितरण नगर्ने)कम्पनीमा निहित रहनेछ ।